Vol.19
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार
Ota City Navigation
2021.9



# फुरुहामा निशुल्क खुला गरिने दिन



के तपाईं कपास जस्तो सेतो न सेतो बालुवामा बिच स्पोर्टसको मज्जा लिन चाहनुहुन्छ?
बिच भलिबल, बिच टेनिस आदिको खेल्ने सामग्री निशुल्क भाडामा दिइन्छ। साथै तपाईंले विभिन्न बिच स्पोर्टसको मज्जा लिन सक्नुहुन्छ।
इच्छुकहरूलाई साधारण लेक्चर पनि दिइन्छ।
बच्चादेखि वयस्कसम्म सबैले मज्जा लिन सक्ने उपायहरू अपनाइएको हुनाले, संकोच नमानीकन सपरिवार आउनुहोस्!







**कहिले** 2021 साल अक्टोबर 5 तारिख (मंगलबार), अक्टोबर 25 तारिख (सोमबार)
बिहान/10:00 am~12:00 pm　अपराह्न/1:00 pm~4:00 pm

**कहाँ** ओमोरी हिगासी वाटरसाइड स्पोर्टस् मैदान, बिच भलिबलको मुख्य कोर्ट
ओता सहर ओमोरी हिगासी 1-37-1

**कति जना** 15 जना जतिसम्म, क्रम अनुसार प्रयोग।

**शुल्क** निशुल्क

**आवेदन दिने तरिका** सोही दिन स्पोर्टस मैदानमा नाम लेखाउनुहोस्।

**सम्पर्क**
खेल प्रवर्धन डिभिजन
☎ 03-5744-1441　FAX 03-5744-1539
E-mail　sports@city.ota.tokyo.jp

# 2022 साल अप्रिलदेखि नर्सरी स्कुलमा भर्नाको लागि आवेदन तथा शिशु स्याहार सेवा सल्लाहकारसँग परामर्श

### स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन

**आवेदन दिन सक्ने व्यक्ति**

अभिभावकको काम (यसमा काम खोजिरहेको व्यक्ति पनि पर्नेछ), रोग, प्रसूति, नर्सिङ केयर वा बिरामीको हेरचाह, अध्ययन जस्ता कारणले गर्दा घरमा हेरचाह गर्न नसकिने अवस्था भएका शिशुहरू

**आवश्यक कागजात वितरण**

आर्थिक वर्ष 2022 सालको "नर्सरी भर्ना सम्बन्धी पुस्तिका" र आवेदनको लागि आवश्यक फारामहरू सेप्टेम्बर 27 तारिख (सोमबार) देखि आवेदन स्थलहरूमा वितरण गरिने हुनाले, आवेदन दिने तरिका आदि निश्चय गर्नुहोस्। ओता सहरको होमपेजमा पनि राखिनेछ। तपाईंले आवेदन फाराम आदि डाउनलोड गर्न सक्नुहुनेछ। विदेशी नागरिकहरूको बसोबास योग्यता (भिसा) निश्चय गरिनेछ।

**ध्यान दिनुपर्ने कुराहरू**

हरेक वर्ष नोभेम्बरमा साह्रै भिड हुने गर्छ। नोभल कोरोनाभाइरस आदिबाट हुने संक्रमण फैलिन नदिनको लागि पनि, फरक-फरक समयमा आवेदन दिई सहयोग गर्नुहोस्। आवेदनस्थलमा नआईकन नहुने व्यक्ति मात्र आउनुहुन अनुरोध गर्दछौं। धर्मको कारण खान नहुने खाद्य सामग्री आदि भएमा, आवेदनको बेला जानकारी दिनुहुन अनुरोध गर्दछौं।

**बिदाको दिन काउन्टर खुला रहने समय**

2021 साल नोभेम्बर 7 तरिका (आइतबार) 9:00 am~4:00 pm

ओता सहर कार्यालय मुख्य भवन 3F को शिशु स्याहार सेवा शाखाको काउन्टरमा आवेदन लिइनेछ।

**कहिले**: 2021 साल अक्टोबर 1 तारिख (शुक्रबार)~नोभेम्बर 30 तारिख (मंगलबार)

**आवेदन दिने तरिका**: आवेदन दिने ठाउँमा आवश्यक कागजातहरू लिएर आउनुहोस्

**सम्पर्क**

शिशु स्याहार सेवा शाखा,
शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
☎ 03-5744-1280　　FAX 03-5744-1715
इमेलमार्फत सम्पर्क गर्नको लागि, होमपेजको तलको भागबाट इमेल पठाउने फर्म्याटमा जान सकिन्छ।

### शिशु स्याहार सेवा सल्लाहकारसँग परामर्श

शिशु स्याहार सुविधाहरूको जानकारी प्रदान गरिनुका साथै बच्चा हुर्काउने कुरा सम्बन्धी परामर्श दिइन्छ। काउन्टर परामर्शको लागि अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ। फोनमार्फत आवेदन दिनुहोस्। नोभल कोरोना भाइरसको संक्रमण स्थिति आदि अनुसार रद्द गरिने सम्भावना हुनाले, अग्रिम रूपमा होमपेज आदिमा गई निश्चय गर्नुहोस्। फोन परामर्शको लागि अग्रिम रूपमा नाम लेखाउनुपर्दैन।

**आवेदन दिने ठाउँ**


स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन

ओता सहर कार्यालय मुख्य भवन 3F, शिशु स्याहार सेवा शाखा, शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
ओता सहर खामाता 5-13-14
☎ 03-5744-1280
आवेदन फाराम भर्ने तरिका थाहा नभएमा, परामर्श आवश्यक वा अन्य नबुझेको कुरा भएमा, शिशु स्याहार सेवा शाखामा सम्पर्क गर्नुहुन सिफारिस गर्दछौं।

शिशु स्याहार सेवा सल्लाहकारसँग काउन्टर परामर्शको लागि अग्रिम रूपमा नाम लेखाउने काउन्टर

शिशु स्याहार सेवा शाखा, शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
शिशु स्याहार सेवा सल्लाहकार
खुला रहने समय 8:30 am~5:00 pm
☎ 03-5744-1617

# साइकलको सडक सुरक्षा नियम तथा मर्यादाको बारेमा



विगत केही वर्ष यता, ओता सहरमा सवारी दुर्घटनाको संख्या घट्ने क्रममा छ तर साइकल संलग्न भएको दुर्घटनाको अनुपात हरेक वर्ष बढिरहेको छ। साइकल भनेको सवारी साधन हो। सुरक्षित तरिकामा साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने पाँच नियमहरूको पालना गरौं।

### सुरक्षित तरिकामा साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने पाँच नियमहरू

1. सामान्यतया साइकल सवारी मार्गमा चलाउनुपर्छ। केही तोकिएका ठाउँहरूमा मात्र पैदल मार्गमा चलाउन सकिन्छ।(*)
2. सवारी मार्गको बायाँ पट्टी चलाउनुपर्छ।
3. पैदल मार्गमा पैदल यात्रीलाई प्राथमिकता दिनुपर्छ र साइकल सवारी मार्ग पट्टी बिस्तारै चलाउनुपर्छ।
4. सुरक्षाका नियमहरूको पालना गर्नुपर्छ।
   - मदिरा सेवन गरेर चलाउने, दुई जना चढ्ने र एकैसाथ अगाडि बढने कार्यहरू निषेध गरिएको छ।
   - राती लाइट बाल्नुपर्छ।
   - दुई वा सोभन्दा धैरै बाटोहरूको मिलन भएको चोक आदिमा ट्राफिक लाइटको पालना र एक पटक रोकेर सुरक्षा निश्चय गर्नुपर्छ।
5. बच्चाहरूले हेल्मेट लगाउनुपर्छ।

*निम्न अवस्थामा पैदल मार्गमा साइकल चलाउन सकिन्छ।
- सडक चिन्ह आदिद्वारा निर्दिष्ट गरिएको खण्डमा
- साइकल चलाउने व्यक्ति 13 वर्ष भन्दा कम उमेरको बच्चा वा 70 वर्ष वा सोभन्दा बढीको वृद्धवृद्धा वा अपाङ्गता भएको व्यक्ति भएमा
- सडक निर्माण कार्य वा सवारी मार्ग व्यस्त भई खतरा भएको खण्डमा

**सम्पर्क**

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315　FAX 03-5744-1527

## विदेशी भाषा संस्करण हाम्रो घरको विपद् रोकथाम चेकबुक (अंग्रेजी र चिनियाँ) तयार गरिएको छ।

### 1 रूपरेखा

रेइवा प्रथम सालमा तयार गरिएको जापानी भाषाको विपद् रोकथाम पुस्तिका "हाम्रो घरको विपद् रोकथाम चेकबुक" अंग्रेजी र चिनियाँ भाषामा तयार गरी वितरण सुरु गरिएको छ। यो पुस्तिकामा तपाईंले घरमा गरेर राख्नुपर्ने विपद् रोकथामका उपायहरूको जानकारी सजिलोसँग बुझिने गरी लेखिएको छ। आफ्नो घरमा कत्तिको विपद् रोकथामका उपायहरू अपनाउन सकेको छ, निश्चय गरी, दैनिक जीवनमा विपदबाट हुने क्षतिप्रतिको तयारीको लागि उपयोग गर्नुहोस्।

### 2 पुस्तिकाका मुख्य विषयवस्तुहरू

(1) भुकम्पबाट हुने क्षति नियन्त्रणको लागि अपनाउनुपर्ने उपायहरू
- क. फर्निचर ढल्नबाट रोक्नको लागि अपनाउनुपर्ने उपायहरू
- ख. घरमा सञ्चय गरेर राख्नुपर्ने कुराहरू
- ग. भुकम्प आएको बेला गर्नुपर्ने कुराहरू

(2) वर्षा र हुरी आदिको कारण हुने क्षति नियन्त्रणको लागि अपनाउनुपर्ने उपायहरू
- क. ठूलो वर्षा, ताइफुन जस्ता मौसम अवस्थाहरूबारे जानौं।
- ख. घर भित्र पानी पस्ने र ठूलो हुरीप्रति अपनाउनुपर्ने उपायहरू
- ग. वर्षा र हुरी आदि आएको बेला सुरक्षित ठाउँमा जाने बेलाका महत्त्वपूर्ण कुराहरू
- घ. माइ टाइमलाइन बनाएर तयार गरौं।

* माइ टाइमलाइनले वर्षा र हुरी आदिको कारण हुने क्षतिप्रति अग्रिम रूपमा गर्नुपर्ने कुराहरूलाई समय श्रृंखलामा व्यवस्थापन गरेको "सुरक्षित ठाउँमा जाने व्यक्तिगत योजना" लाई जनाउँछ।

### 3 वितरण स्थान

विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा, प्रत्येक विशेष उपशाखा कार्यालय, पारिवारिक निवासी दर्ता शाखा, अन्तर्राष्ट्रिय सहर बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा, सहर नीति जानकारी कर्नर, mics ओता

होमपेजबाट डाउनलोड गर्न सकिन्छ।

सम्पर्क
विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा
☎ 03-5744-1611 FAX 03-5744-1519 E-mail bousai@city.ota.tokyo.jp


## काचु काइस्यु स्मारक भवन स्थापनाको दोस्रो वार्षिकोत्सव विशेष प्रदर्शनी "क्रसिङमा मालिक र परिचारक योसिनोबु×काइस्यु"



सङ्कटमय एदो कालको अन्त्यमा "सँगै लडेर", नयाँ सरकारलाई लडाइ बिना एदो दरबारको हस्तान्तरण र वार्ता प्रक्रियाको नेतृत्व गरेका तोकुगावा योसिनोबु र काचु काइस्यु। त्यसपछि योसिनोबुले समाजबाट टाढिएर सिजुओकामा लामो समय जीवनयापन गरे भने, काइस्यु मेइजी सरकार अन्तर्गतको काजोकु (कुलीनवर्ग) को एक सदस्य भए। यस्तो ऐतिहासिक गतिविधिको पृष्ठभूमिमा यी दुई मालिक र परिचारक बीच के कस्ता भावनाहरूको आदानप्रदान भएका थिए होला त? यस प्रदर्शनीमा योसिनोबु र काइस्युको लगभग 30 वर्षको सम्बन्ध जान्नको लागि यस स्मारक भवनको संग्रह कागजातहरू पल्टाएर हरौं। साथै अनुसन्धान कर्नरमा ताइगा ड्रामा "सेइतेन-वो-चुके" को महत्त्वपूर्ण व्यक्ति, सिबुसावा सेइइचिरोले लडाइ बिना एदो दरबारको हस्तान्तरण र वार्ता प्रक्रिया सिद्धिने बित्तिकै काइस्युलाई पठाएको पत्र पनि प्रदर्शनीमा राखिनेछ।

### कहिले

2021 साल सेप्टेम्बर 17 तारिख (शुक्रबार)~डिसेम्बर 12 तारिख (आइतबार)
भवन खुला रहने समय: 10:00 am~6:00 pm
* सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)
* सेप्टेम्बर 13 तारिख (सोमबार)~16 तारिख (बिहीबार) प्रदर्शनी परिवर्तनको लागि भवन बन्द हुनेछ।
* नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।



### शुल्क

भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

सम्पर्क
काचु काइस्यु स्मारक भवन
☎ 03-6425-7608
FAX 03-6425-7610

# विदेशी अभिभावकहरूको लागि जापानी भाषा कोर्स "विद्यालयको प्रिन्ट (सूचनापत्र) पढौं"



के तपाईंलाई विद्यालयबाट पठाइएको प्रिन्ट (सूचनापत्र) पढ्न नसकेर समस्या परिरहेको छ? प्रिन्ट (सूचनापत्र) पढ्ने तरिका, महत्त्वपूर्ण ठाउँ भेटाउने तरिका र प्रिन्ट (सूचनापत्र) मा धेरै प्रयोग गरिने शब्दहरू सिकाइन्छ। विस्तृत जानकारीको लागि HP गई निश्चय गर्नुहोस्। *शिशु स्याहार सेवा उपलब्ध छ (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)। पहिले नाम लेखाउने 3 जना (1 वर्ष~प्राथमिक विद्यालयमा भर्ना हुनु अघिका बच्चाहरू)

विस्तृत जानकारीको लागि HP गई निश्चय गर्नुहोस्।

**कहिले** 2021 साल अक्टोबर 25 तारिख~नोभेम्बर 22 तारिख (हरेक हप्ता सोमबार, कुल 5 पटक)
समय: 10:00 am~12:00 pm

**कहाँ** अन्तर्राष्ट्रिय सहर ओता संघ मिटिङ रुम
(ओता सहर सान्नो 2-3-7 5F)

**शुल्क** निशुल्क

**कति जना** पहिले नाम लेखाउने 15 जना

**आवेदन दिन सक्ने व्यक्ति**
प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने बच्चा भएका अभिभावकहरू। हिरागाना र काताकाना पढ्न सक्ने व्यक्तिहरू

---

# प्रारम्भिक जापानी भाषा कोर्स

यो कोर्स पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिको लागि हो। क्लासमा पनि र अनलाइनमार्फत पनि सहभागी हुन सकिन्छ।

| विवरण | आवेदन दिन सक्ने व्यक्ति |
|---|---|
| • दैनिक जीवनयापनको लागि जापानी भाषा (रेस्टुरेन्ट, अस्पताल, पोस्ट अफिस, किनमेल, विपद् र आपत्कालीन अवस्थाको बेला प्रयोग गरिने जापानी भाषा)<br>• हिरागाना र काताकाना | ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने व्यक्ति<br>विस्तृत जानकारीको लागि HP गई निश्चय गर्नुहोस्। |

**कहिले** 2021 साल अक्टोबर 3 तारिख~नोभेम्बर 21 तारिख
(हरेक हप्ता आइतबार, कुल 8 पटक)
समय: 1:00 pm~3:00 pm

**कहाँ** उपभोक्ता जीवनयापन केन्द्र 1F mics ओता क्लास
(ओता सहर खामाता 5-13-26)

**शुल्क** 1,500 येन (किताब र अन्य सामग्री खर्च)

**कति जना** 15 जना

---

# "नर्सिङ केयरको जापानी भाषा" कोर्स

विस्तृत जानकारीको लागि HP गई निश्चय गर्नुहोस्।

नर्सिङ केयरको कामबारे जान्न चाहने व्यक्ति वा नर्सिङ केयरको काम सुरु गरेको व्यक्तिले ढुक्क भएर काम गर्न सक्ने गरी, "नर्सिङ केयरको जापानी भाषा" र "काममा जापानी नागरिकसँगको कम्यूनिकेसन" बारे सिकाइन्छ।

**कहिले** 2021 साल अक्टोबर 21 तारिख~डिसेम्बर 9 तारिख (हरेक हप्ता बिहीबार, कुल 8 पटक)
समय: 1:30 pm~4:30 pm

**कहाँ** उपभोक्ता जीवनयापन केन्द्र 2F नं 4 बैठक कोठा (ओता सहर खामाता 5-13-26)

**शुल्क** निशुल्क

**कति जना** 15 जना

**सम्पर्क** (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323